# बुद्धशान्ति गाउँपालिका

# बुद्धशान्ति राजपत्र

## बुद्धशान्ति गाउँपालिकाद्वारा प्रकाशित

| | | |
|---|---|---|
| खण्डः ७ | संख्याः ४ | प्रकाशित मितिः २०८०।०३।०३ |
| कार्यपालिकाबाट स्वीकृतः २०८०।०२।३२ | | |


<u>**भाग - २**</u>

**बुद्धशान्ति गाउँपालिका**

<u>**सम्वत २०८० सालको कार्यविधि नं. ४**</u>

## स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरूको तहवृद्धि सम्बन्धी कार्यविधि, २०८०

प्रस्तावनाः कोशी प्रदेश सरकारद्वारा मिति २०८० वैशाख १४ गते जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० बमोजिम बुद्धशान्ति गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा स्थानीय सेवामा कार्यरत कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कामकाजलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको मिति २०८० साल ०२ महिना ३२ गते बसेको पैंतीसौं बैठकले यो कार्यविधि तयार गरी स्वीकृत गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम "स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "अध्यादेश" भन्नाले कोशी प्रदेश सरकारबाट मिति २०८० साल बैशाख १४ गते जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० लाई सम्झनुपर्छ ।

(२) "कर्मचारी" भन्नाले बुद्धशान्ति गाउँपालिकाको स्थानीय सेवामा कार्यरत एवम् सङ्घीय लोकसेवा आयोगबाट स्थानीय तहका लागि सिफारिस भई कार्यरत रहेका स्थायी कर्मचारीलाई सम्झनुपर्छ । सो शव्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई समेत जनाउनेछ ।

(३) "मन्त्रालय" भन्नाले कोशी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई सम्झनुपर्छ ।

(४) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोगलाई सम्झनुपर्छ ।

(५) "प्रदेश कितावखाना" भन्नाले कोशी प्रदेशको प्रदेश कितावखानालाई सम्झनुपर्छ ।

(६) "कार्यालय" भन्नाले बुद्धशान्ति गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(७) "गाउँ कार्यपालिका" भन्नाले बुद्धशान्ति गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(८) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुद्धशान्ति गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(९) "अख्तियारवाला" भन्नाले अध्यादेशको दफा २(क) बमोजिमको अख्तियारवालालाई सम्झनुपर्छ।

(१०) "समिति" भन्नाले दफा ४ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

परिच्छेद-२

विविध

३. <u>सूचना प्रकाशन गर्नुपर्नेः</u> (१) स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धिका लागि तह वृद्धि सम्बन्धी सूचना प्रत्येक बर्ष जेठ र मंसिर महिनाको पहिलो हप्ता भित्र तीस दिनको म्याद दिई निवेदन आव्हान (निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरू समेत उल्लेख गरी) सम्बन्धी सूचना कार्यालयले प्रकाशित गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना गाउँपालिकाको वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ ।

४. <u>सिफारिस समितिको गठनः</u> (१) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा २८ को उपदफा ३ बमोजिम तह वृद्धि गर्ने प्रयोजनका लागि निम्न अनुसारको एक सिफारिस समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) कार्यालयमा कार्यरत वरिष्ठ महिला कर्मचारी - सदस्य

ग) कार्यालयमा कार्यरत वरिष्ठ कर्मचारी - सदस्य

(२) उपदफा (१) बमोजिम गठित समितिको सचिवालयको रूपमा सामान्य प्रशासन शाखाले काम गर्नेछ ।

(३) समितिका सदस्यहरू आफै बढुवा तथा तह वृद्धिका उमेदवार भएमा कार्यपालिकाले निजको सट्टामा अर्को कर्मचारी समितिको सदस्य तोक्नेछ ।

(४) सिफारिस समितिमा रहेको कुनै कर्मचारीले कार्यालय तथा कर्मचारी सम्बन्धी आचरण पालना नगरेमा त्यस्तो कर्मचारीलाई तुरुन्त हटाई निजको सट्टामा अर्को कर्मचारीलाई सदस्य तोक्नु पर्नेछ ।

(५) सिफारिस समितिका कर्मचारीलाई सिफारिस समितिमा तोक्दा वा समितिबाट हटाउँदा प्रमुख प्रशासकीय अधिकृतले लिखित जानकारी गराउनु पर्नेछ।

(६) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले आफै निर्धारण गर्न सक्नेछ ।

५. <u>आवश्यक न्यूनतम योग्यता र सेवा अवधि:</u> तह वृद्धि सम्बन्धी आवश्यक न्यूनतम योग्यता र सेवा अवधि सम्बन्धमा अध्यादेशको दफा २८ र दफा २९ बमोजिम हुनेछ ।

६. <u>दरखास्त दिने:</u> (१) दफा ३ बमोजिम प्रकाशित सूचनाको म्याद भित्र तह वृद्धिका लागि सम्भाव्य उम्मेदवारहरूले तह बृद्धिको निबेदन अनुसुचि-१ बमोजिमको ढाँचामा कार्यालयमा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पेश गर्दा देहायका कागजातहरू संलग्न गर्नु पर्नेछः

(क) स्थायी नियुक्ति पत्र,

(ख) समायोजन भएका कर्मचारीहरूको हकमा समायोजन भएको पत्र र समायोजन पश्चात् हाल सम्म एक पटक पनि तह वृद्धि नभएको प्रमाण,

(ग) सेवा समूहसँग सम्बन्धित विषयमा न्यूनतम शैक्षिक योग्यता हासिल गरेको प्रमाणपत्र,

(घ) गयलकट्टी नभएको, विभागीय सजाय नपाएको, असाधारण बिदा र अध्ययन बिदामा नबसेको प्रमाणित हुने कार्यालयको पत्र,

(ङ) पेशा सम्बन्धी व्यवसायी परिषदले उपलब्ध गराउने प्रमाणपत्र (आवश्यक हुनेको हकमा),

(च) नियमित तह बृद्धी हुने कर्मचारीहरूको हकमा अध्यादेशमा उल्लेख भए बमोजिम हुने,

(छ) दफा ४ बमोजिम गठित समितिले माग गरेका थप अन्य कागजातहरू ।

७. <u>तह बृद्धि सम्बन्धी विशेष व्यवस्था :</u> (१) अध्यादेशको दफा ८ को उपदफा १४ बमोजिम चौथो तहका सहायक कम्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गरी नियुक्त पत्र दिनेछ।

(२) अध्यादेशको दफा ८ को उपदफा १६ बमोजिम निजामति सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधी ५ वर्ष पुरा गरेका पाँचौं, सातौं र नवौ तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रक्रिया पुरा गरी क्रमशः छैठौं, आठौं र दशौ तहमा एक तह वृद्धि गरिनेछ ।

(३) अध्यादेशको दफा ८ को उपदफा १६ बमोजिम अधिकृतस्तर सातौं र नवौ तहका पदहरूमा दफा २९ को प्रक्रिया पुरा गरी अध्यादेशमा तोकिए बमोजिमको बढुवा समितिले बढुवा गर्नेछ ।

(४) अध्यादेशको दफा ८ को उपदफा १६ बमोजिम संघीय लोकसेवा आयोगबाट खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय सेवाको छैठौं तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीहरुलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरि दिने । यसरी सातौं तह कायम गर्नु पुर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नु पर्नेछ ।

(५) अध्यादेशको दफा ४ को उपदफा ५ बमोजिमको तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ ।

८. <u>कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः</u> कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुने । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि हुनेछ ।

९. <u>सिफारिस गर्नु पर्नेः</u> (१) दरखास्त फारम तथा अन्य कागजात जाँचबुझ गर्दा निम्न बमोजिम मापदण्ड पुरा भएको देखिएमा समितिले कर्मचारीको तहवृद्धिका लागि सिफारिस गर्नुपर्नेछः

(क) पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा नब्बे प्रतिशत भन्दा बढी अंक प्राप्त गरेको,

(ख) अध्यादेशको दफा २८ को उपदफा (१) तथा दफा २९ को उपदफा (१) बमोजिमको शैक्षिक योग्यता हासिल गरेको,

(ग) नसिहतको सजाय पाएको भए सो सजाय भुक्तान भएको एक वर्ष पुरा भएको,

तलबवृद्धि वा तह वृद्धि वा बढुवा रोक्का भएको भए सो अवधि पुरा भएको,

(घ) असाधारण बिदा नलिएको,

(ङ) निलम्बनमा नपरेको, विभागीय सजाय नपाएको

(च) पेसा सम्बन्धी व्यवसायी परिषदले उपलब्ध गराउने प्रमाणपत्रको अवधि कायम भएको (आवश्यक हुनेको हकमा)

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कुनै उम्मेदवार तह वृद्धिका लागि सिफारिस नभएमा तह वृद्धिका लागि सिफारिस नहुनाको कारण जनाई निजलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सिफारिस गर्दा तह वृद्धि हुने पद, तह, सेवा, समूह, ज्येष्ठता लागू हुने मिति समेत खुलाई सिफारिस गर्नु पर्नेछ ।

१०. <u>तहवृद्धिको पत्र दिनेः</u> (१) दफा ६ बमोजिम निवेदन प्राप्त भई दफा ७ बमोजिमको प्रक्रिया पुरा भई सिफारिस भएका कर्मचारीलाई सिफारिस भएको ७ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ३ एवम् ४ बमोजिमको ढाँचामा तह वृद्धि भएको पत्र दिनु पर्नेछ ।

११. <u>ज्येष्ठता गणना र जेष्ठता कायमः</u> (१) यस अध्यादेश बमोजिम तह वृद्धि वा बढुवा प्रयोजनको लागि स्थानीय तहमा समायोजन भएका कर्मचारीको जेष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको

तत्काल अघिको सेवा समूहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ । तहबृद्धि हुने कर्मचारीको जेष्ठता अध्यादेशको दफा २८ को उपदफा २ बमोजिम प्रत्येक आर्थिक वर्षको श्रावण १ गते र माघ १ गतेबाट कायम हुनेछ ।

तर संघीय लोक सेवा आयोगबाट छैठौं तहको पदमा सिफारिस भई नियुक्ति भएको कर्मचारीको प्रचलित कानून बमोजिम जेष्ठता कायम हुनेछ ।

१२. <u>पदनामः</u> (१) यस कार्यविधि बमोजिम तह वृद्धि हुने पदको पदनाम अध्यादेश बमोजिम गाउँ कार्यपालिकाले बनाउने नियमावली बमोजिम हुनेछ।

तर नियमावली नबनेसम्म तह वृद्धि हुनु भन्दा तत्काल कायम रहेको पदनाम पछाडी तह वृद्धि भई कायम भएको तह उल्लेख गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहायकस्तर पाँचौं तहबाट अधिकृतस्तर छैठौं तहमा वृद्धि हुने स्थानीय सेवाका कर्मचारीको पदनाममा अधिकृतस्तर भन्ने पदनाम कायम गर्न सकिनेछ।

१३. <u>तहवृद्धि भएका कर्मचारीको सेवा, सुविधाः</u> (१) यस कार्यविधि बमोजिम तह वृद्धि भएका कर्मचारीले तह वृद्धिका लागि नियुक्ति भएको मितिदेखि लागू हुने गरी वृद्धि भएको तहको सेवा सुविधा प्राप्त गर्नेछन् ।

१४. <u>उजुरी गर्न सक्नेः</u> (१) यस कार्यविधि बमोजिम तह वृद्धि नहुने कुनै उम्मेदवारले तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा तह वृद्धिको सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा प्रदेश लोक सेवा आयोगबाट प्राप्त निर्देशन कार्यालय तथा निवेदक दुवैलाई मान्य हुनेछ

र उक्त निर्देशन कार्यान्वयन गर्नु कार्यालय तथा उम्मेदवारको कर्तव्य हुनेछ ।

१५. <u>अभिलेख राख्नुपर्ने:</u> (१) यस कार्यविधि बमोजिम तह वृद्धि हुने कर्मचारीहरूको अभिलेख कार्यालयले दुरुस्त राख्नु पर्नेछ र तालुक निकायबाट माग भएको बखत तत्काल उपलब्ध गराउनु पर्नेछ ।

१६. <u>बाधा अड्काउ फुकाउने:</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएका बाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोकसेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकामा रहनेछ ।

१७. <u>जानकारी दिनु पर्ने:</u> अध्यादेश बमोजिम गरिएको कर्मचारीको तहबृद्धिको जानकारी निर्णय भएको मितिले १५ दिन भित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ ।

१८. <u>संशोधन र खारेजी:</u> यो कार्यविधिमा उल्लेख भएका विषयहरू अध्यादेश वा प्रचलित कानुनसँग बाझिएमा गाउँ कार्यपालिकाले संशोधन, खारेज तथा थपघट गर्न सक्नेछ ।

१९. <u>प्रचलित कानून बमोजिम हुने:</u> (१) यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

फाराम दर्ता नं

अनुसुची १

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

उम्मेदवारको हालसालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी शाखा प्रमुखबाट प्रमाणित गर्नुपर्ने

श्री प्रमुख प्रशासकीय अधिकृत
बुद्धशान्ति गाउँ कार्यपालिकाको कार्यालय
बुधवारे झापा, कोशी प्रदेश

विषयः- तह वृद्धि सम्वन्धमा

१. सूचनाको विवरणः

तह वृद्धिको सूचना नम्बरः ............ मितिः.....................
सेवा/समूहः.............................. तह वृद्धि हुने तहः.............

२. उम्मेदवारको विवरणः

उम्मेद्वारको नाम, थर (देवनागरीमा)...................................................
उम्मेद्वारको नाम, थर(अंग्रेजी ठूलो अक्षरमा)........................................
ठेगानाः......................... वहालमा रहेको कार्यालयः.................
बाबुको नाम..................... हालको सेवाः.................................
आमाको नामः.................... समूह/उपसमूहः..............................
बाजेको नामः.................... पदः...........................................
नागरिकता प्रमाणपत्र नं............... कर्मचारी संकेत नं..........................
जारी जिल्लाः .......................... मोबाइल नं...................................

३. सेवाको विवरणः (शुरुदेखि हालसम्मको)

| क्र. सं | पदको नाम, श्रेणी/तह, सेवा, समूह/उपसमूह | कार्यालयको नाम | नियुक्ती वा बढुवा मिति | बहाल रहेको मिति | | असाधारण विदा बसेको भए सोको अवधि | | कसरी आएको (खुल्ला/बढुवा/समायोजन/सरुवा) | स्थायी नियुक्ति गर्ने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | देखि | सम्म | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| | | | | | | | | | | |

४. हालको तहमा वा समायोजन हुनु भन्दा पहिलाको समान तहको पदमा तह वृद्धिको लागि आवेदन दिन पाउने अन्तिम मितिमा पुग्ने अवधि......वर्ष, .....महिना, ....दिन

५. तह वृद्धिका लागि योग्य भए/नभएको अवस्थाः

क. विभागीय कारबाही भएको/नभएको .........................
भएको भए कुन कारबाही भएको हो? सकिने अवधि उल्लेख गर्नुहोस्........................

ख. अध्यादेशको दफा २८ बमोजिम तह वृद्धि हुने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको/नगरेको....................

ग. असाधारण/अध्ययन बिदामा बसेको/नबसेको ......................
बसेको भए सोको अवधि उल्लेख गर्नुहोस्.............................

घ. निलम्बनमा परेको/नपरेको...................................

ङ. पेशासँग सम्बन्धित व्यवसायी परिषदको प्रमाणपत्रको अवधि...........

६. माथि उल्लेखित विवरण ठीक छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला भनी सहीछाप गर्नेः

कर्मचारीको नाम,थर .......................
संकेत नं .....................................
पद..............................................
सही र मितिः..................................

| ल्याप्चे सहीछाप | |
|---|---|
| दायाँ | बायाँ |

अनुसूची २

तह वृद्धिको निर्णय (कार्यालयको प्रयोजनका लागि)

क. आवेदक कर्मचारीले समायोजन हुनु पूर्व र समायोजन पश्चात् गरी हालको तहमा पूरा गरेको सेवा अवधिः................ वर्ष,.............महिना, ................दिन ।

ख. आवेदक कर्मचारीको पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको अंक र सोको औषतः

अ. आ.व. ............./............... को प्राप्ताङ्क ................................

आ. आ.व. ............./............... को प्राप्ताङ्क ................................

इ. आ.व. ............./............... को प्राप्ताङ्क ................................

औषत प्राप्ताङ्क .....................................................

ग. स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ को उपदफा (१) तथा स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० को दफा ५ बमोजिमको न्यूनतम योग्यता तथा मापदण्ड पुरा गरेको देखिएकोले निजलाई हाल कार्यरत तहबाट समान सेवा, समूह, उप समूह र पदमा एक तह वृद्धि गर्ने निर्णय गरिएको छ।

निर्णय मितिः-..................   तह वृद्धि निर्णय लागू हुने मितिः-................

तह वृद्धि हुने तह- .................... सेवाः-...........................................

समूह/उपसमूहः-............................  पदः.......................................

| | | |
|---|---|---|
| .................. | .................. | ................. |
| सदस्य | सदस्य | संयोजक |
| नाम, थर | नाम, थर | नाम, थर |
| संकेत नं | संकेत नं | संकेत नं |

(कार्यालयको छाप)

संघीय लोकसेवा आयोगबाट छैठौं तहमा सिफारिस भई आउने कर्मचारीका लागि

अनुसुची ३

(कार्यालयको लेटर हेड)

मितिः .............

**विषयः** तह वृद्धि/तह कायम सम्बन्धमा ।

महाशय,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ८ को उपदफा १६ तथा स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० को दफा ७ बमोजिम मिति........ गतेको निर्णयानुसार तपाइलाई देहाय बमोजिम तह वृद्धि/तह कायम गरिएको छ । तह वृद्धि/तह कायम भएको पदको ज्येष्ठता प्रचलित कानून बमोजिम हुनेछ ।

तह वृद्धि /तह कायम हुनु भएकोमा हार्दिक बधाई छ ।

| **हालको पद, तह, सेवा/समूह, कार्यालय** | **तह वृद्धि/तह कायम भएको पद, तह, सेवा/समूह, कार्यालय** |
|---|---|
| पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः | पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः |

श्री ..............
(संकेत नं.......)

(................)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री राष्ट्रिय किताबखाना (निजामती), हरिहर भवन, ललितपुर ।
श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश, विराटनगर ।
श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर।
श्री प्रदेश निजामती किताबखाना, कोशी प्रदेश, विराटनगर।
श्री कर्मचारी संचयकोष, ठमेल, काठमाडौं ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं।
श्री आर्थिक प्रशासन शाखा ।

अन्य सेवाबाट समायोजन भई आउने कर्मचारीका लागि

अनुसुची ४

(कार्यालयको लेटर हेड)

मितिः .............

विषयः तह वृद्धि सम्बन्धमा ।

महाशय,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ........... तथा स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० को दफा ७ बमोजिम समितिको मिति........ गतेको सिफारिस/निर्णयानुसार तपाइलाई देहाय बमोजिम तह वृद्धि गरिएको छ । तह वृद्धि भएको पदको ज्येष्ठता...............देखि लागू हुनेछ ।

तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई छ ।

| **हालको पद, तह, सेवा/समूह, कार्यालय** | **तह बृद्धि भएको पद, तह, सेवा/समूह, कार्यालय** |
|---|---|
| पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः | पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः |

श्री ............................

संकेत नं......................

(................)

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री राष्ट्रिय किताबखाना (निजामती), हरिहर भवन, ललितपुर ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश, विराटनगर ।

श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर।

श्री प्रदेश निजामती किताबखाना, कोशी प्रदेश, विराटनगर।

श्री कर्मचारी संचयकोष, ठमेल, काठमाडौं ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं।

श्री आर्थिक प्रशासन शाखा ।

आज्ञाले,

प्रमाणीकरण मितिः २०८०।०३।०१

युवराज कट्टेल

प्रमुख प्रशासकीय अधिकृत